**Patan Pragya** *(Volume: 10, Number: 1, 2022)* *ISSN 2594-3278*

Received Date: April 2022 Revised: June 2022 Accepted: July 2022

*Doi-https://doi.org/10.3126/pragya.v10i01.50814*

# शोधलेखमा विषयपरिचय लेखन

**डा. जीवन श्रेष्ठ***

**लेखसार**

*प्रस्तुत लेख शोधलेखको विषयपरिचय लेखनका आधारभूत अङ्ग, विधि र आवश्यकतामाथि केन्द्रित छ । शोधलेख विशिष्ट प्रकृतिको औपचारिक लेखन भएकाले यसको विषयपरिचयमा निश्चित पक्षहरूलाई उचित किसिमले उल्लेख गरिएको हुनुपर्छ । ती पक्षहरू के के हुन्, तिनको प्रयोग किन र कसरी गरिन्छ भन्ने समस्यामा आधारित रहेर यो अध्ययन गरिएको छ । यसका लागि नेपाली र अङ्ग्रेजी भाषामा प्रकाशित अनुसन्धान लेखनसम्बन्धी सैद्धान्तिक सामग्रीहरूको उपयोग गरिएको छ । तिनमा व्यक्त विद्वान्हरूका विचारहरूलाई संश्लेषण गरी यसका आधारभूत अङ्ग एवम् तत्त्वको निक्र्यौल गरिएको छ । ती अङ्गहरूको लेखन विधि र आवश्यकतालाई नेपाली भाषाका शोधलेखहरूबाट आवश्यक उद्धरणहरू लिई विश्लेषण गरिएको छ । त्यसैले यसमा व्याख्या एवम् विश्लेषण विधिको प्रयोग गरिएको छ । यसरी गरिएको विमर्शका आधारमा विषयपरिचय शोधकर्ता एवम् शोधलेखको पाठकका लागि महत्त्वपूर्ण अङ्ग रहेको र तिनको लेखन विशिष्ट किसिमले गर्नुपर्ने निष्कर्ष निकालिएको छ । यसका लागि शीर्षकको परिचय, पूर्वाध्ययनको सीमा, शोधअन्तराल, समस्याको पहिचान, अध्ययनीयता र उद्देश्य जस्ता पक्षहरूलाई स्पष्ट र वस्तुगत रूपमा संसक्तियुक्त भाषामा स्पष्ट पार्नुपर्छ ।*

**शब्दकुञ्जी** ः पूर्वाध्ययनको सीमा, शोधअन्तराल, शोधक्षेत्र, शोधसमस्या

## विषयपरिचय

विषयपरिचय लेखभित्र प्रवेश गरिने शोधलेखको प्रस्थान बिन्दु हो । यसले अनुसन्धान–लेखनका साथै अन्य लेख–रचनामा पनि समग्र पक्षको सङ्क्षिप्त झलक प्रस्तुत गर्दछ । यसले शीर्षकअनुसार विषयक्षेत्र र समस्याबारे आधारभूत जानकारी प्रदान गर्दछ । यद्यपि यो लेख–रचना र पाठकबिच हुने पहिलो जम्काभेटस्थल पनि भएकाले यसले पाठकलाई आकर्षित पनि गर्दछ । शोधलेख विशिष्ट प्रकृतिको औपचारिक लेखन भएकाले यसमा विषयपरिचय लेखनको पनि आफ्नै प्रकारको विशिष्टता रहेको छ । यसको उद्देश्यका साथै यसले समेट्नुपर्ने विषय र त्यसको ढाँचा पनि विशिष्ट किसिमका हुन्छन् ।

नेपाली विषयमा अनुसन्धानलेखनबारे थुप्रै सैद्धान्तिक कृतिहरूका साथै प्रायोगिक लेखहरू पनि प्रकाशित हुने गरेका छन् तर प्रायः लेखहरूमा विषयपरिचयको विशिष्टतालाई ख्याल गरिएको देखिँदैन । बन्धु (२०६५) जस्ता सैद्धान्तिक कृतिहरूमा विषयपरिचय लेखनका अङ्ग एवम् ढाँचालाई गहन रूपमा लिइएको देखिँदैन । परिचय न हो भन्ने किसिमले सामान्य रूपमा शीर्षकलाई चिनाउने काम मात्र गरिएको छ । त्यस्तै कतिपय शोधलेखमा आवश्यक कुराहरूभन्दा अनावश्यक विवरण र गथासो मात्र प्रस्तुत गरिएका हुन्छन् । जस्तै ‘लक्ष्मीप्रसाद देवकोटाको निबन्धमा आत्मपरकता’ भन्ने विषयमा तयार पारिएको लेखमा देवकोटाको कवित्वको चर्चा गर्दै उनको महाकवित्वलाई पुष्टि गर्ने कार्यमा धेरै शब्द खर्च गरिएको हुन्छ जबकि उपर्युक्त शीर्षक देवकोटाको महाकवित्वसँग सम्बन्धित छैन, साथै देवकोटाका जीवनी र विभिन्न रचनाहरूको विवरणात्मक भारी पनि विषयपरिचयमा बोकाइएको हुन्छ । यस्ता अनावश्यक सन्दर्भहरूमा केन्द्रित हुँदा आवश्यक आधारभूत पक्ष गौण बन्न पुगेको देखिन्छ अथवा त्यहाँ आवश्यक कुरा प्रस्तुत गरिएकै हुँदैन । यस्ता विषयपरिचयले लेखका विषय र समस्याबारे आधारभूत

* उप प्राध्यापक डा. जीवन श्रेष्ठ पाटन संयुक्त क्याम्पस नेपाली विभागमा कार्यरत हुनुहुन्छ ।

जानकारी दिने काम त गर्दैन नै यसले पाठकलाइ आकर्षित गर्न पनि सक्दैन । यसले गर्दा नेपाली विषयमा हुने गरेका अनुसन्धान र तिनको दस्तावेजीकरणमा समस्या देखिन्छ । शोधलेखको पहिलो प्रस्थानबिन्दुको आधारभूत मर्म, त्यसका विधि र अङ्गबारे नै अनुसन्धाता अनभिज्ञ हुनु वा त्यसको लेखन असावधानीपूर्वक गरिनुले शोधलेख गुणात्मक रूपमा कमजोर हुने गरेको छ । तसर्थ विषयपरिचय–लेखनबारे गहन छलफल, विमर्श र खोज हुनु प्राज्ञिक क्षेत्रका लागि वाञ्छनीय देखिन्छ ।

प्रस्तुत सन्दर्भमा यो लेख विषयपरिचय लेखनको आधारभूत अवधारणा कस्तो हुन्छ भन्ने समस्यामा केन्द्रित रहेको छ । यस समस्याको समाधानका लागि यसमा विषयपरिचय लेखनका आधारभूत अङ्ग र विधि के के रहेका छन् र विषयपरिचयमा यसका आधारभूत अङ्ग र विधिको उचित प्रयोग किन आवश्यक छ भन्ने शोधप्रश्नहरू निर्माण गरिएको छ । निर्धारित शोधप्रश्नअनुसार विषयपरिचय लेखनका आधारभूत अङ्ग र विधिहरूको निक्र्यौल गर्नु र तिनको प्रयोगगत आवश्यकताको विश्लेषण गर्नु यस शोधलेखको उद्देश्य रहेका छन् ।

## शोधविधि

विषयपरिचय लेखनको आधारभूत पक्षहरूमा केन्द्रित यस लेखमा समस्यासमाधानका लागि व्याख्या एवम् विश्लेषण विधिको प्रयोग गरिएको छ । विषयपरिचय लेखनका आधारभूत अङ्ग एवम् विधिको निक्र्यौल गर्नका लागि यससँग अनुसन्धान लेखनसम्बन्धी सैद्धान्तिक कृति एवम् लेखहरूको सहयोग लिइएको छ । नेपाली र अङ्ग्रेजी भाषामा प्रकाशित सैद्धान्तिक कृति र लेखहरूमा निर्देश गरिएका विषयपरिचयका अङ्ग एवम् विधिसम्बन्धी विभिन्न विचारहरूको संश्लेषण गरी तिनको निक्र्यौल गरिएको छ । त्यस्तै तिनको उचित प्रयोगको आवश्यकताको विश्लेषणका लागि नेपाली भाषामा प्रकाशित विभिन्न लेखहरूको समीक्षा गरिएको छ । विषयपरिचयका अङ्ग र विधिको उचित प्रयोगका गुण र अवगुणको विश्लेषणका लागि आवश्यक सामग्री सोद्देश्यमूलक विधिबाट छनौट गरिएको छ । यसरी परिचयलेखनको सैद्धान्तिक एवम् प्रायोगिक पक्षहरूको आवश्यक समीक्षा, व्याख्या एवम् विश्लेषणका माध्यमबाट समस्याको समाधानमा निकालिएको छ । यो पुस्तककार्यमा आधारित गुणात्मक प्रकृतिको अनुसन्धान हो ।

## विमर्श र निष्कर्ष

लेखनबारे विभिन्न विद्वान्हरूले आ¥आफ्ना धारणाहरू प्रस्तुत गरेका छन् । अनुसन्धानलेखनसम्बन्धी कृतिमा प्रस्तुत ती धारणाहरूको संश्लेणका माध्यमबाट यसका आधारभूत अङ्ग र विधिका साथै यसको विशिष्टता पहिल्याउन सकिन्छ । साथै नेपाली विषयका शोधलेखहरूमा प्रयुक्त विषयपरिचयहरूको विमर्श गरी तिनको प्रयोगगत आवश्यकताको विश्लेषण गर्न सकिन्छ । तसर्थ यहाँ तिनको क्रमशः चर्चा गरिएको छ ।

### विषयपरिचय लेखनका अङ्ग, विधि र आवश्यकता

अनुसन्धानलेखनमा विषयपरिचयको विशिष्ट महत्त्व रहेको छ । यसमार्फत पाठकले लेखसम्बन्धी आधारभूत सूचना प्राप्त गर्ने भएकाले यसको लेखन विशिष्ट ढङ्गले गरिएको हुन्छ । यहाँ विषयपरिचय लेखनका सम्बन्धमा केही सैद्धान्तिक कृतिहरूमा चर्चा गरिएको अवधारणाहरूको विमर्श गरिएको छ ः

बन्धु (२०६५) ले विषयपरिचयलाई महत्त्व दिएका छैनन् । उनको विचारमा ‘‘विषयवस्तुको बोधका निम्ति केही प्रासङ्गिक कुरा, केही स्पष्टीकरण र केही व्याख्याको आवश्यकता परेमा विषयप्रवेश वा शोधपरिचयका रूपमा लेख्न सकिन्छ । अन्यथा सोझै समस्याकथनमा गए पनि हुन्छ’’ (१६) । यद्यपि शोधलेखनका अन्य कृतिहरूमा विषयपरिचयलाई अनिवार्य अङ्गका रूपमा चर्चा गरिएको छ । श्रेष्ठ (२०७७) ले परिचय खण्डलाई सुलेखनको शीर्ष भाग हुने विचार व्यक्त गरेका छन् । उनले निम्निलिखत बुँदामा यसको प्रकृति र विशेषता उल्लेख गरेका छन् ः

– ... यो विचारवाक्यहरू मात्रको एक कथन हो जसले अग्रसूचन कथनको काम गर्दछ ।

– यस्तो अनुच्छेदले पाठकको ध्यानलाई आकृष्ट गर्ने भूमिका खेल्दछ ।

– यस्तो अनुच्छेदले विषयको उठान गरी अन्तर्वस्तुबारे सङ्केत गर्दछ ।

– यस्तो अनुच्छेद स्पष्ट र प्रामाणिक मात्र होइन रोचक पनि हुनुपर्दछ । (श्रेष्ठ, २०७७, पृ. ८८)

उनले परिचय भागमा विचार वाक्यमा जोड दिनुपर्ने, विषयको उठान र अन्तर्वस्तुको सङ्केत गर्नुपर्ने कुराको चर्चा गरेका भए पनि तिनका उठान र सङ्केत कसरी गरिन्छ भन्ने कुरा स्पष्ट पारेका छैनन् । उनले भनेझैँ यो विचारवाक्यहरूको सङ्ग्रह मात्र नभएर समस्या पहिचानको आधार पनि हो । त्यसैले पाण्डेय (२०७७) ले यसको आधारभूत लेखनभित्र निम्नि लिखित पक्षहरू यसमा विचारणीय हुने धारणा व्यक्त गरेका छन् ः

– के यसले अध्ययनको सन्दर्भ (विषयक्षेत्र), उद्देश्य, समस्या÷शोधप्रश्नका बारेमा पर्याप्त जानकारी दिन्छ ?

– के यो ठिक ढङ्गले संरचित छ ?

– पूर्ववर्ती अध्ययनका प्राप्तिलाई यसले निषेध गरेको अथवा गलत ढङ्गले प्रस्तुत गरेको त छैन अथवा सम्बद्ध क्षेत्रमा पूर्ववर्ती अध्ययनको उपेक्षा गरेको र त्यसको उल्लेख नै नगरेको अवस्था छ ?

– के यसले सम्बद्ध विषयको अध्ययनीयताबारे स्पष्ट सङ्केत गर्छ ?

– उपर्युक्त सन्दर्भहरूलाई प्रस्तुत गर्दा वाक्य र प्रकरणबिच संसक्ति छ कि छैन ? (पाण्डेय, २०७७, इन्टरनेट)

यी प्रश्नात्मक कथनहरूले विषयपरिचय भागमा हुनुपर्ने पक्षहरूलाई स्पष्ट पारेका छन् । यसमा पूर्ववर्ती अध्ययनको सीमा पहिल्याई शोधअन्तरालका माध्यमबाट समस्या पहिचान गरिएको हुनुपर्छ र यसको महत्त्व एवम् आवश्यकतालाई पनि यसै भागमा स्पष्ट पार्नुपर्छ भन्ने विचारले यो बन्धु (२०६५) को विचार जस्तै शीर्षकको परिचय मात्र र श्रेष्ठ (२०७७) ले भनेजस्तै विचार वाक्यहरूको सङ्ग्रह मात्र नभएको देखाउँदछ । यसै सन्दर्भलाई घोडासैनी (२०७७) ले विषयपरिचयमा खासगरी शीर्षकपरिचय, स्पष्टीकरण, सम्बद्ध अध्ययनको पुनरवलोकन, समस्याको पहिचान, समस्याको स्पष्टीकरण, व्याख्या र सीमा उल्लेख हुनुपर्ने धारणा प्रस्तुत गरेका छन् । उनले तिनको थप व्याख्या नगरे पनि विषयपरिचयका आधारभूत अङ्गहरूलाई सूत्रात्मक रूपमा उल्लेख गरेका छन् ।

माथि प्रस्तुत नेपाली विद्वान्हरूको धारणालाई समीक्षा गर्दा विषयपरिचय शोधशीर्षकको परिचयका साथै विषय–सन्दर्भको उठान गरी पूर्वकार्यको समीक्षाका आधारमा समस्याको पहिचान गरिने अनिवार्य अङ्ग हो भन्ने कुरा स्पष्ट हुन्छ । यसलाई पश्चिमी जगत्मा अङ्ग्रेजी भाषाका कृतिहरूमा कसरी चर्चा गरिएको छ, तिनको पनि सङ्क्षिप्त अध्ययन यसमा गरिएको छ ।

एड्रिएन वालवर्कले विषयपरिचयलाई कसरी संरचित गर्ने भन्ने सन्दर्भमा प्रश्नात्मक कथनमा निम्निलिखित कुराहरू उल्लेख गरेका छन् ः

- समस्या के हो ?
- समस्याको कुनै प्रचलित समाधानहरू छन् ?
- तीमध्ये कुनचाहिँ समाधान सर्वोपयुक्त छ ?
- प्रचलित समाधानहरू र समस्याबिच रहेको सीमा के हो ? (शोधअन्तराल)
- प्राप्त गर्न खोजिएको उपलब्धि के हो ?
- समाधानका खोजीका निम्ति के गरिएको छ ? (वालवर्क, सन् २०११, पृ. १९७)

उपर्युक्त प्रश्नहरूको उत्तर आउने गरी अनुसन्धानलेखनको विषयपरिचय तयार गर्नुपर्छ भन्ने वालवर्कको तर्क रहेको छ । उनको यो विचार विषयपरिचयका अन्य अङ्गहरूभन्दा समस्या र समाधानमा केन्द्रित रहेको छ । यसमा समस्याको पहिचान कसरी गरिन्छ भन्नेबारे प्रस्ट पारिएको छैन । विषयपरिचय समस्या र समाधानको सूचना मात्र नभएर शीर्षक र लेखको विषयगत चिनारीसँग पनि उत्तिकै सम्बन्धित छ । यस सन्दर्भमा वालवर्क प्रस्तुत विचारमा निश्चित सीमाहरू रहेका छन् ।

वाइनी सी बुथ र अन्य (सन् २०१६) ले परिचय खण्डमा निम्नलिखित तीन वटा पक्षहरू हुन्छन् भन्ने विचार व्यक्त गरेका छन् ः पृष्ठभूमिको सान्दर्भीकरण, समस्याकथन र प्रतिक्रिया (पृ. २३३) । पृष्ठभूमि भनेको शोधसमस्याको आधारभूमि हो । यहाँ पृष्ठभूमिको सान्दर्भीकरणले शोधक्षेत्र र अध्ययनको समस्या एवम् त्यससम्बद्ध पूर्वाध्ययनलाई जनाएको छ । पूर्वाध्ययनको पृष्ठभूमिमा शोधबिन्दु (रिसर्च प्वाइन्ट) पहिल्याइने भएकाले यहाँ पृष्ठभूमिको सान्दर्भीकरणलाई पहिलो बुँदामा चर्चा गरिएको छ । यसमा सान्दर्भीकरण सामान्यबाट विशिष्टतर्फ उन्मुख हुनुपर्छ भन्ने तर्क प्रस्तुत गरिएको छ । यसअनुसार विषयपरिचय सामान्य प्रकृतिको आमसन्दर्भबाट सुरु हुन्छ र क्रमशः विषयगत रूपमा विशिष्ट हुँदै जान्छ । त्यसपछि अनुसन्धानको समस्यको पहिचान, व्याख्या र त्यसप्रतिको प्रतिक्रिया उल्लेख गरिएको छ ।

एपिए स्टाइल म्यानुअल बुक, सातौँ संस्करणअनुसार विषयपरिचयमा शीर्षकको सङ्क्षिप्त परिचय, त्यसको पृष्ठभूमि र उद्देश्य उल्लेख गर्नुपर्छ (पृ. १३९) भन्ने विचार प्रस्तुत गरिएको छ । यसअनुसार शीर्षकको विषयगत परिचयले पाठकलाई लेखका बारेमा सूचना प्रदान गर्दछ । यसमा एतिहासिक पृष्ठभूमिको भूमिका महत्त्वपूर्ण हुने विचार पनि प्रस्तुत गरिएको छ । यसैका माध्यमबाट शोधसमस्याको पहिचान गरी उद्देश्य निर्धारण गरिन्छ । साथै यसले शोधप्रश्नको सम्भावित उत्तरको पनि सङ्केत गर्छ ।

यसप्रकार विषयपरिचयसम्बन्धी विभिन्न विद्वान्का धारणाहरूको विमर्शअनुसार शोधलेखमा यो महत्त्वपूर्ण र आवश्यक अङ्ग हो भन्ने कुरा प्रस्ट हुन्छ । यो लेखबारेको सामान्य जानकारी वा सूचना मात्र होइन भन्ने कुरा पनि यसबाट स्पष्ट भएको छ । यसले खास आवश्यकता र महत्त्वका आधारमा विशिष्ट रूपमा शोधलेखको प्रतिबिम्ब प्रस्तुत गर्दछ । शोधलेखमा यसको आवश्यकता र महत्त्व यसप्रकार रहेका छन् ः

- शीर्षक स्पष्ट पार्न
- अध्ययनको पृष्ठभूमि निर्माण गर्न
- शोधअन्तराल पत्ता लगाउन एवम् अध्ययनीयता पहिचान गर्न
- समस्या पहिचान गर्न
- उद्देश्य निर्धारण
- पाठकलाई आकर्षण गर्न ।

यी आवश्यकताहरूका आधारमा विषयपरिचयका आधारभूत अङ्ग एवम् तत्त्वहरू यसप्रकार हुनसक्छन् ः

- शीर्षकपरिचय
- पूर्वाध्ययनका सीमा, शोधअन्तराल र समस्याको पहिचान
- उद्देश्य
- स्पष्ट, वस्तुनिष्ठ र संसक्तियुक्त भाषा

समग्रमा विषयपरिचय सम्बद्ध लेखबारे जानकारी दिई पाठकलाई आकर्षित गर्ने शोधलेखको अग्रभाग हो । यसमा आवश्यक पर्ने उपर्युक्त पक्षहरूका आधारमा विषयपरिचय लेखनका आधारभूत अङ्ग एवम् तत्त्वहरूको लेखनविधि र महत्त्वलाई विभिन्न सन्दर्भका आधारमा तलका अनुच्छेदहरूमा स्पष्ट पारिएको छ ः

**शीर्षकको परिचय**

भाषा साहित्यका क्षेत्रमा गरिने शोधकार्यको शीर्षकले दुईवटा पक्षहरूलाई सङ्केत गरेको हुन्छ ः शोधक्षेत्र र समस्या । श्रेष्ठ (२०७७) ले यसलाई समुच्चय (Univers) र चर (Variable) भनी चर्चा गरेका छन् । उनका अनुसार 'समकालीन नेपाली कवितामा मिथकीय स्वर' शीर्षकमा 'समकालीन नेपाली कविता' समुच्चय वा शोधक्षेत्र हो भने 'मिथकीय स्वर' चर वा शोधसमस्या हो (पृ. ५६) । विषयपरिचयमा शीर्षकले सङ्केत गरेका यिनै शोधक्षेत्र र समस्याको परिचय दिनुपर्छ । यसको समस्या वा चर सिद्धान्तनिष्ठ अथवा अवधारणात्मक हुनसक्छन् । जस्तै ः 'समकालीन नेपाली कथामा नारीवादी चेतना' शीर्षकमा आएको 'नारीवादी चेतना' सिद्धान्तनिष्ठ समस्या हो । यसमा नारीवादको सैद्धान्तिक पृष्ठभूमिमा स्पष्ट पार्नुपर्छ । त्यसैगरी 'प्रतीक ढकालका नियात्रामा प्रकृतिचित्रण' शीर्षकमा प्रकृतिचित्रण अवधारणात्मक समस्या हो । यसमा प्रकृतिका विविध पक्षहरू र ढकालका कृतिमा गरिएको प्रकृतिचित्रणका आधारमा अध्ययनको अवधारणा निर्माण गर्नुपर्छ । शीर्षकको चरले शोधसमस्यालाई सङ्केत गर्ने भएकाले यसका बारेमा परिचयात्मक स्पष्टीकरण आवश्यक हुन्छ । माथि प्रस्तुत 'समकालीन नेपाली कथामा नारीवादी चेतना' शीर्षकले समकालीन नेपाली कथामा नारीवादी चेतना के–कस्ता छन् ? भन्ने समस्यालाई सङ्केत गरेको छ । त्यसैले विषयपरिचयको प्रारम्भिक भागमा शीर्षकले सङ्केत गरेका शोधक्षेत्र र समस्याको परिचय दिनुपर्छ । यस सन्दर्भलाई तल प्रस्तुत विषयपरिचयको नमुनाले थप प्रस्ट पार्छ ः

प्रस्तुत अनुसन्धानात्मक लेखमा ताना सर्माद्वारा लिखित नेपाली साहित्यको इतिहास (२०२७) कृतिमा विचारधाराको वर्गीय पक्षधरताको विश्लेषण गरिएको छ । विचारधारा साहित्येतिहास लेखन र विश्लेषणको अन्तर्वस्तुसँग सम्बद्ध महत्त्वपूर्ण तत्त्व हो । सामाजिक–आर्थिक अवस्था र परिस्थिति, जीवनपद्धति, सत्तासीन वर्ग र उच्च वर्गको प्रभाव, उत्पादन सम्बन्ध र उत्पादनका साधनहरूमा समान पहुँच, सत्ताकेन्द्री र जनकेन्द्री यथार्थको स्थापना, अन्तरङ्ग र बहिरङ्ग चेतनाको प्रभाव आदिका पृष्ठभूमिमा साहित्येतिहासकारले आफ्नो विचारधाराको निर्माण गरेको हुन्छ । वर्गसङ्घर्षको मुख्य परिणति इतिहास हो र साहित्यको इतिहास पनि यसैको एउटा प्रवर्ग मात्र हो । यस लेखमा मूलतः ऐतिहासिक र द्वन्द्वात्मक भौतिकवादी दर्शनबाट सैद्धान्तिक तथा दार्शनिक अवधारणा गहण गरी विश्लेष्य साहित्येतिहासमा विचारधाराको वर्गीय पक्षधरताको विश्लेषण गरिएको छ । (अधिकारी, २०७६, पृ. ५४)

यसमा ताना सर्माको नेपाली साहित्यको इतिहास कृतिलाई शोध्यक्षेत्र वा समुच्चय र 'विचारधाराको वर्गीय पक्षधरता'लाई शोधसमस्या वा चर बनाइएको छ, यसको जानकारी सुरुमा नै दिइएको छ । त्यसपछि समस्याका रूपमा रहेको चरलाई आवश्यक सैद्धान्तिक पृष्ठभूमिमा व्याख्यासहित स्पष्ट पारिएको छ । त्यसैले शीर्षकका समुच्चय र चरको परिचयका बारेमा बुझ्न यो उद्धरण सहयोगी हुन्छ ।

**पूर्वाध्ययनका सीमा, शोधअन्तराल र समस्याको पहिचान**

शोधसमस्याको पहिचानका लागि पूर्वाध्ययनको सीमा र शोधअन्तरालको खोजी गर्ने कार्य विषयपरिचयको महत्त्वपूर्ण पक्ष हुन् । सम्बद्ध विषयका पूर्वाध्ययनहरूको सीमा पहिचान गरी शोधअन्तराल (रिसर्च ग्याप) पत्ता लगाउनुपर्छ विषयपरिचयको मुख्य कार्य हो । शोधपत्र वा शोधप्रबन्ध लेखनमा पूर्वकार्यको समीक्षालाई छुट्टै शीर्षकमा चर्चा गरिने भए पनि तिनको विषयपरिचयमा पनि सङ्क्षिप्त रूपमा सङ्केत गर्न आवश्यक हुन्छ । फुटकर रूपमा गरिने शोधलेखमा यसलाई विषयपरिचयमा नै स्पष्ट पार्नुपर्छ । नेपाली विषयका शोधलेखहरूमा पूर्ववर्ती अध्ययनहरूको सीमालाई स्पष्ट रूपमा अङ्कन गर्नेगरिएको पाइँदैन तर यो बिना शोधअन्तरालको वस्तुगत पहिचान हुन सक्दैन । पूर्वकार्यको वस्तुगत समीक्षा नगरी मनोगत रूपमा उल्लेख गरिने शोधअन्तराल र त्यसका आधारमा पहिचान गरिने समस्या पनि वास्तविकताभन्दा टाढा हुने सम्भावना हुन्छ । त्यसैले शोधअन्तरालका लागि पूर्वकार्यको सीमा पहिल्याउनुपर्छ । विषयपरिचयमा पूर्वाध्ययनको सीमालाई शोधप्रबन्धको पूर्वकार्यको

समीक्षामा जस्तो विस्तृत रूपमा उल्लेख नगरी तिनका सीमालाई सूत्रात्मक रूपमा देखाउनुपर्छ । यसलाई विषयपरिचयमा देखाउने नमुना यस्तो हुनसक्छ ः

. . . आधुनिक नेपाली उपन्यासको अध्ययनमा समकालीन धारा शर्मा र लुइटेल (२०६०), श्रेष्ठ र शर्मा (२०६३), लुइटेल (२०६९), बराल र एटम (२०५६) ले २०३६ सालदेखि र कोइराला (२०६८) ले २०४० सालदेखि यताको समय उल्लेख गरेका छन् तर शर्मा (२०६३) ले समकालीन शब्दले एक वा दुई दशकको समयावधिमात्र समेट्ने बताएका छन् ।

यसरी विभिन्न विद्वान्हरूले आधुनिक नेपाली उपन्यासका सम्बन्धमा गरेका पूर्वाध्ययनहरूको सन्दर्भलाई सूत्रात्मक रूपमा माथिको उदाहरणमा प्रस्तुत गरिएको छ । साथै ती अध्ययनहरूमा रहेका सीमालाई पनि यसमा सङ्केत गरिएको छ । यसमा २०७९ सालसम्म प्रकाशिक उपन्यासहरूको अध्ययनका सन्दर्भमा २०३६ सालदेखि हालसम्म प्रकाशित उपन्यासलाई समकालीन धाराभित्र समेट्न सकिँदैन भन्ने पूर्व अध्ययनहरूको सीमालाई शर्मा (२०६३) को विचारले प्रस्ट पारेको छ । यसरी उल्लेख गरिएको पूर्वाध्ययनहरूको सीमाले आधुनिक नेपाली उपन्यासको ऐतिहासिक अध्ययनमा रहेको अपूर्णताको पहिचान गरी शोधअन्तराल पत्ता लगाउन र शोधसमस्या पहिचान गर्न पनि सहयोग गरेको छ ।

विषयपरिचयमा शोधअन्तरालको पहिचानपश्चात् शोधसमस्याको अङ्कन हुन्छ र यसै समस्याको समाधानका लागि शोधप्रश्नहरू बनाइन्छ । यहाँनिर ख्याल गर्नुपर्ने कुरा के छ भने शोधसमस्या र शोधप्रश्न भनेको एउटै होइन । शोधसमस्या पूर्वाध्ययनहरूले समेट्न नसकेको वा गलत रूपमा विश्लेषण गरिएको अवस्थाबाट सिर्जना हुन्छ । सामान्यतः शीर्षकले नै समस्या सङ्केत गर्छ । जस्तै ः समकालीन नेपाली कवितामा पहिचानको स्वर' शीर्षकको लेखमा 'पहिचानको स्वर' आफैमा समस्या हो । यसैको समाधानका लागि शोधप्रश्न निर्माण गरिन्छ । शोधप्रश्नले शोधसमस्यालाई खण्डीकरण गर्छ । जस्तै ः माथिको शीर्षकका आधारमा निम्नलिखित शोधप्रश्नहरू निर्माण गर्न सकिन्छ– समकालीन नेपाली कवितामा जातीय पहिचान, क्षेत्रीय पहिचान र लैङ्गिक पहिचानलाई कसरी प्रस्तुत गरिएको छ ? समकालीन नेपाली कवितामा किन पहिचानका स्वर मुखरित भएका छन् ? यी शोधप्रश्नहरूले शीर्षकले सङ्केत गरेको समस्यालाई खण्डीकरण गरेको छ र अनुसन्धानका लागि शोधनिष्ठ मार्ग निर्माण गरेको छ ।

**उद्देश्य**

शोधलेखमा उद्देश्य शोधप्रश्नहरूबाट निर्देशित हुन्छ । त्यसैले शोधप्रश्नहरूको निर्माणपश्चात् तिनको उत्तर खोज्नु शोधको उद्देश्य हुन्छ । शोधप्रश्न प्रश्नात्मक ढाँचामा हुन्छ भने उद्देश्य त्यसैको निराकरणका लागि उत्तरका रूपमा रहेको हुन्छ । उद्देश्यले समस्याको मर्मलाई राम्रोसँग निराकरण गरेको हुनुपर्छ । यसमा उद्देश्य निर्धारण गर्नुअघि अध्ययनीयता पनि प्रस्ट पार्नुपर्छ । जस्तै ः

. . . वास्तवमा पूर्वकार्यको समीक्षाको आवश्यकता र महत्त्वलाई आत्मसात् नगरी र त्यसको प्रस्तुतिको अपेक्षित पद्धति वा ढा"चाको ज्ञान प्राप्त नगरी आदर्श शोध गर्न र त्यसको प्रतिवेदन तयार पार्न सकिंँदैन । यसै परिप्रेक्ष्यमा शोधमा पूर्वकार्यको समीक्षा के हो, यसको आवश्यकता वा प्रयोजन के छ र यसको प्रस्तुतिको पद्धति वा ढा"चा कस्तो हुन्छ भन्ने जिज्ञासाको समाधान खोज्ने उद्देश्य लिएर यो आलेख तयार पारिएको छ । (पाण्डेय, २०७८, पृ. ५२)

प्रस्तुत उदाहरणको पहिलो वाक्यले अध्ययनीयतालाई प्रस्ट्याएको छ । यस शीर्षकमा अध्ययन गर्न आवश्यक छ भन्ने कुरा स्पष्ट बनाइसकेपछि शोधप्रश्न र तिनका आधारमा उद्देश्य निर्धारण गरिएको छ । नेपाली विषयका अध्ययनहरूमा शोधको उद्देश्यलाई अन्त्यतिर राख्ने गरिएको पाइन्छ भने अङ्ग्रेजीका कतिपय लेखहरूमा ९त्जष्क उबउभच बष्mक तय भहउयिचभ '० भनी सुरुवात्मा नै उद्देश्य उल्लेख गरी तिनको पुष्टिका लागि शोधअन्तराल र समस्याको व्याख्या गरिएको पनि पाइन्छ । त्यसैले शोधलेखमा उद्देश्यलाई जुनसुकै स्थानमा राखे पनि तिनको आधारभूमि भनेको शोधअन्तराल, शोधसमस्या र

शोधप्रश्नहरू नै रहेका हुन्छन् । यसले शोधकार्यमा अध्ययनविधिको निर्धारण र विमर्शका लागि मार्गनिर्देश गर्ने भएकाले यसको महत्त्व रहेको छ ।

**भाषिक शैली**

शोधलेखमा औपचारिक भाषाको प्रयोग गर्नुपर्छ । यसको भाषिक अभिव्यक्ति ''वस्तुगत, तथ्यपूर्ण र स्पष्ट हुनु अत्यन्त आवश्यक छ'' (श्रेष्ठ, २०७७, पृ. २८) । गुणात्मक शोधलेखमा आत्मपरक एवम् अतिशय सारयुक्त अभिव्यक्तिलाई निषेध गरिएको हुन्छ । यसले शोधलेखको वस्तुपरतामाथि प्रश्न जन्माउँछ । अतिशय सारयुक्त अभिव्यक्तिको उदाहरण तल दिइएको छ ः

लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६– २०१६) आधुनिकनेपाली कविताको विकासप्रक्रियामा देखा परेका त्यस्ता महान्स्वच्छन्दतावादी कवि हुन् जसले रचेका फुटकर कविता,खण्डकाव्य र महाकाव्यमा छाडो छडछडाएसरह र खहरेगडगडाएसरह अनि कल्पनाको वायुपङ्खी घोडामा उच्च उडानलिई कावा खाएसरह र वि.सं. २००२ सालतिरको नेपालको जुद्धसडकमा मोटर कुदेसरह प्रभावकारी एवम् रोमाञ्चक रूपमाजीवनजगत्का अनेकथरी पक्षको हार्दिक रागात्मक र सौन्दर्यपूर्णअभिव्यक्ति भएको छ । (अवस्थी, २०७८, पृ. ४४)

शोधलेखमा यसप्रकारका ''छाडो छडछडाएसरह र खहरेगडगडाएसरह,'' ''वायुपङ्खी घोडामा उच्च उडानलिई कावा खाएसरह,'' ''जुद्धसडकमा मोटर कुदेसरह'' यस्ता खालका अतिशय कल्पनायुक्त भाषिक प्रयोग ग्राह्य हुँदैन । यसमा जेजति भनिन्छ ती तथ्यहरूले पुष्टि गर्न सकिने हुनुपर्छ यद्यपि विषयपरिचयमा नै तिनलाई सन्दर्भसहित पुष्टि गरिहाल्नुपर्दैन ।

विषयपरिचय लेखनमा संसक्तिलाई पनि ध्यान दिनुपर्छ । यसका वाक्य र प्रकरणहरूबिच संसक्ति हुनुपर्छ । तर नेपाली भाषाका शोधकार्यमा विशेषगरी शीर्षकले सङ्केत गरेको चरको परिचय दिने क्रममा संसक्तिको अभाव हुन्छ, ती अलग अलग जस्ता हुन्छन् (पाण्डेय, २०७७, इन्टरनेट) । विषयपरिचयमा शीर्षकले सङ्केत गरेका शोधक्षेत्र र शोधसमस्या वा चरलाई प्रस्ट पार्नु पहिलो आवश्यकता हो तर शोधक्षेत्र र चरको स्पष्टीकरणबिच संसक्ति हुनुपर्छ । जस्तै ः ''समकालीन नेपाली कवितामा नारीवादी चेतना'' शीर्षकको शोधलेख छ भने त्यसमा पहिले समकालीन कविताबारे प्रस्ट पार्नुपर्छ । समकालीनतालाई कसरी लिने र समकालीन नेपाली कविताको सीमाङ्कन कसरी गर्ने भन्ने विषयमा व्याख्या आवश्यक हुन्छ । त्यसपछि चरका रूपमा आएको नारीवादी चेतनाको सैद्धान्तिक अवधारणाबारे प्रस्ट पार्नुपर्छ । समकालीन नेपाली कविता र नारीवादी चेतना दुई भिन्न भिन्न पक्षहरू हुन् तर विषयपरिचयमा अध्ययनको शीर्षकअनुसार तिनीहरूबिच अन्तरसम्बन्ध निर्माण गर्नुपर्छ अनि मात्र विषयपरिचयका उपर्युक्त भागहरू संसक्त हुन्छन्, होइन भने पाण्डेयले भनेजस्तै "''अलग अलग जस्ता हुन्छन्'' । यसका लागि शोधक्षेत्रको परिचय दिँदा शोधसमस्या वा चरलाई ख्याल गर्दै त्यसतर्फ उन्मुख हुनुपर्छ । जस्तै ः माथिको शीर्षकमा समकालीन कविताको समयसीमा निर्धारण गरी यस समयका कवितामा विविध प्रवृत्तिहरू पाइने भए पनि यसमा नारीवादी चेतना शोध्यविषय भएकाले यसको लेखाइ नारीवादी प्रवृत्तितातर्फ नै मुखरित हुनुपर्छ र यसैको सिलसिलामा नारीवादी चेतनाको सैद्धान्तिक कुराहरू आउनुपर्छ । यसरी नारीवादको परिचय दिइसकेपछि पुनः यो समकालीन नेपाली कवितासँग जोडिनुपर्छ ।

संसक्ति अनुच्छेदका वाक्यहरूबिच त आवश्यक हुन्छ नै विषयपरिचयका अङ्गहरूबिच पनि हुनुपर्छ । सामान्यतः विषयपरिचयमा शोधक्षेत्र, चर, पूर्वकार्यको सीमा र शोधअन्तराल, समस्याको पहिचान, उद्देश्य र शोधकर्ताको दाबी जस्ता अनिवार्य अङ्गहरू रहेका हुन्छन् । यी अङ्गहरूबिच एकपछि अर्काको अन्तरसम्बन्ध रहेको हुन्छ । विषयपरिचय लेखनमा यसप्रकारको अन्तरसम्बन्ध कायम हुन सकेन भने या ''सुलेखन'' (श्रेष्ठ, २०७७, पृ. ८६) को आधारभूत मान्यताभित्र अटाउन सक्दैन । यी अङ्गहरूबिच अन्तरसम्बन्ध मिलाएर संसक्त बनाउनु यसको आधारभूत आवश्यकता हो ।

विषयपरिचय लेखनमा शोधकर्ता आत्मविश्वासी हुनुपर्छ । यसका हरेक कथन प्रामाणिक हुनुपर्छ र तिनको पुष्टि विश्लेषण भागमा गरिएको हुनुपर्छ । तर यसै भागमा वा विषयपरिचयमा आफ्नो कथनको पुष्टिका निम्ति अरुको विचार वा उद्धरणको प्रयोग गर्नु उचित हुँदैन । यसले शोधकर्ताको आत्मविश्वासमा कमजोरी रहेको देखाउँछ । जस्तै ः ''. . . त्यसैले नेपाललाई पर्यटनका दृष्टिले संसारकै उत्कृष्ट गन्तव्यका रूपमा विस्तार गर्न सकिन्छ (दुलाल, २०६८, पृ. १)'' (गुरागाई, सन् २०२०, पृ. २७४) । विषयपरिचयको पहिलो अनुच्छेदमा नै यस उद्धरणको प्रयोग गरिएको छ । प्राकृतिक एवम् सांस्कृतिक रूपमा विविधतायुक्त सुन्दर मुलुक नेपाल पर्यटकीय दृष्टिले उत्कृष्ट देश बन्न सक्छ भन्ने कथनको अभिव्यक्तिका लागि पनि यसको शोधकर्तामा आत्मविश्वास रहेको देखिँदैन । यो तथ्य एकातिर ज्ञात नै छ भने अर्कातिर विश्लेषणका सन्दर्भमा यसको पुष्टि हुन्छ नै । यस सन्दर्भमा प्रयोग गरिएको यस प्रकारको उद्धरणको प्रयोगले शोधलेखको गुणस्तरलाई नै कमजोर बनाउँछ । त्यस्तै यसमा शीर्षकथनहरूको समुच्चय रहने भएकाले पनि उद्धरणको साहरा लिइरहनुपर्दैन । यद्यपि यसमा पूर्वकार्यको सीमाङ्कनका सन्दर्भमा भने उद्धरण एवम् आवश्यकताअनुसार सन्दर्भस्रोतको प्रयोग हुन सक्छ । यस सन्दर्भमा शोधकार्य सम्पन्न भइसकेपछि विषयपरिचयको पुनर्लेखन गर्दा यसको गुणात्मकता वृद्धि हुन्छ । यसरी विषयपरिचय लेखनको भाषा स्पष्ट, प्रामाणिक हुनुपर्छ भने यसका अङ्गहरूबिच संसक्ति पनि हुनुपर्छ । यसको प्रस्तुत कथनहरूो अभिव्यक्तिका लागि शोधकर्ता आत्मविश्वास पनि हुनुपर्छ जसका लागि उद्धरणहरूको प्रयोग गर्नुहुँदैन ।

## निष्कर्ष

कुनै पनि शोधलेखमा विषयपरिचय लेखभित्र प्रवेश गर्ने द्वार मात्र नभएर सम्पूर्ण लेखको आधारभूत प्रतिबिम्ब पनि हो । यसैलाई हेरेर पाठक त्यसभित्र पस्ने कि नपस्ने वा यसको उपयोगिता कति छ भन्ने कुराको निक्र्यौल गर्दछ । त्यति मात्र नभएर शोधलेखको मूल्याङ्कन प्रक्रियामा पनि विषयपरिचयको प्रारम्भिक भूमिका हुन्छ । यसैका आधारमा मूल्याङ्कनकर्ताले लेखको मूल्याङ्कन गर्न सुरु गर्दछ । त्यसैले विषयपरिचय लेखनमा यसका अङ्गहरू र विधिलाई विशेष ख्याल गर्नुपर्छ । यसमा सामान्यतः शीर्षकले सङ्केत गरेका शोधक्षेत्र वा समुच्चय र शोधसमस्या वा चरको आवश्यक व्याख्या गरिएको हुन्छ । त्यसपछि पूर्वकार्यको सीमाङ्कन गरी शोधअन्तराल पत्ता लगाइएको हुन्छ । शोधअन्तरालका माध्यमबाट शोधसमस्याको पहिचान र यसको अध्ययनीयता प्रस्ट पारी यसैका आधारमा शोधप्रश्न र उद्देश्य एवम् आवश्यकतानुसार दाबी पनि प्रस्तुत गरिएको हुन्छ । त्यसैले विषयपरिचय शोधलेखको समग्रताको आधारभूत प्रतिबिम्ब हो ।

विषयपरिचयको भाषिक शैली पाठकलाई आकर्षण गर्ने प्रकृतिको हुनुपर्छ । तर त्यसका नाममा साहित्यसिर्जनामा जस्तै अतिशयोक्तियुक्त आलङ्कारिक भाषा यसमा ग्राह्य हुँदैन । यसमा विशुद्ध औपचारिक भाषाको प्रयोग गर्नुपर्छ । यसका कथनहरू वस्तुगत र प्रामाणिक हुनुपर्छ । यसका वाक्यहरू एवम् अङ्गहरूबिच राम्रो संसक्ति आवश्यक हुन्छ । सङ्क्षिप्तता, स्पष्टता र वस्तुपरकता यसको भाषिक विशिष्ट हो । तसर्थ शोधलेखमा पाठकलाई विषयले मात्र आकर्षण नगरेर यसको विषयपरिचय र त्यसमा प्रयुक्त भाषिक शैलीले पनि आकर्षण गर्दछ । त्यसै गरी विषयपरिचयमा शोधकर्ताको आत्मविश्वास झल्किनुपर्छ । त्यसका लागि शीर्षकथनहरूको प्रस्ट अभिव्यक्ति आवश्यक हुन्छ भने यसमा उद्धरणको प्रयोग गर्नु राम्रो मानिँदैन । यसमा प्रयोग गरिने उद्धरणले शोधकर्ताको आत्मविश्वासमा कमि रहेको देखाउँछ । यसरी विषयपरिचय विशिष्ट प्रकृतिको लेखन भएकाले यसलाई शोधकार्य लेखन समाप्त भइसकेपछि पुनः परिमार्जन गर्नुपर्छ । यसले गर्दा यो गुणस्तरीय हुन्छ र समग्र शोधलेखको स्तरीयतालाई बढाउन सहयोग गर्दछ । तसर्थ विषयपरिचय लेखकीय एवम् पाठकीय दुवै दृष्टिले महत्त्वपूर्ण हुन्छ । यसको लेखन एवम् परिमार्जनमा शोधकर्ता सचेत हुनुपर्छ ।

## सन्दर्भसामग्री

अधिकारी, बालाकृष्ण (२०७६). ''नेपाली साहित्यको इतिहास'मा विचारधाराको वर्गीय पक्षधरता. वाङ्मय, पूर्णाङ्क १७, पृ. ५४–६६) ।

अवस्थी, महादेव (२०७८). महाकवि देवकोटाका कवितामा मृत्युबोध. नौलो आयाम. वर्ष २, अङ्क २, पृ. ४४–४८ ।

गुरागाई, गोविन्दप्रसाद (सन् २०२०). बेलबारी नगरपालिकाको पर्यटन प्रवर्द्धनमा स्थानीयतह एवम् राजनीतिक नेतृत्वको भूमिका. भ्वाइस अफ टिचर्स रिसर्च जर्नल. वर्ष ५, अङ्क १, पृ. २७४–२८५ ।

घोडासैनी, खगेन्द्र (२०७७). अनुसन्धानात्मक लेखको मूल्याङ्कन प्रक्रिया. हैमप्रभा. पूर्णाङ्क १९. Nepali Research Articles (ghodasainik.blogspot.com). हेरेको मिति २०७९–३–२२ ।

पाण्डेय, ताराकान्त (२०७७). प्राज्ञिक लेख ः विज्ञ समीक्षाको प्रयोग पक्ष. नेपालनाम्चा. माघ २२. https://nepalnamcha.com/view-point/3061. हेरेको मिति २०७९–३–२२

–––(२०७८). अनुसन्धानमा पूर्वकार्यको समीक्षा ः आवश्यकता, महत्त्व र पद्धति. नौला आयाम. वर्ष २, अङ्क २, पृ. ५२–६० ।

बन्धु, चूडामणि (२०६५). अनुसन्धान तथा प्रतिवेदन लेखन (दोस्रो संस्क.). काठमाडौँ ः रत्न पुस्तक भण्डार ।

श्रेष्ठ, जीवन (सन् २०२१). आधुनिक नेपाली उपन्यासको नवीन चरण. स्कलार्स जर्नल. अङ्क ४, पृ. २६९–२८२) ।

श्रेष्ठ, दयाराम (२०७७). साहित्यको अनुसन्धान व्यवस्थापन. काठमाडौँ ः शिखा बुक्स ।

Booth, W. C., Colomb, G. G., Williams, J. M., Bizup, J. F., William T. (2016). *The Craft of Research* (4th ed.). The University of Chicago Press.

*Publication Manual of the American Psychological Association* (7th Ed.). APA Publication and Communications Board.

Wallwork, Adrian (2011). *English for Writing Research Papers*. Springer Media, LLC.